तामाकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जफे, दोलखा

तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जफे, दोलखा बागमती प्रदेश, नेपाल २०७३

## सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०७७/०९/१२

यस तामाकोशी गाउँपालिकामा आर्थिक वर्ष २०७७/०७८ मा सञ्चालन हुने बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनका निम्ति तपसिलको पदमा सेवा करारमा कर्मचारी नियुक्ति गर्नुपर्ने भएको हुँदा तपसिल बमोजिम योग्यता पुगेका ईच्छुक (उमेर २१ वर्ष पुरा भई ४० बर्ष ननाघेका) नेपाली नागरिकहरुबाट दरखास्त आह्वानका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं | विज्ञापन नं. | पद | माग संख्या | आवेदन शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०४ — २०७७/०७८ | पोषण स्वयंसेवक | १ | ५०० | |

१. आवश्यक योग्यता र अनुभवः

क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा कक्षा १२ वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

- सामुदायिक परिचालनको क्षेत्रमा कम्तीमा २ वर्ष अनुभव हासिल गरेकोलाई प्राथमिकता दिने ।

ख) सम्बन्धित स्थानीय तहमा बसोबास भएको ।

ग) महिला उम्मेदवारलाई पहिलो प्राथमिकता दिइनेछ ।

घ) प्रचलित कानूनले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको हुनुपर्नेछ ।

२. दरखास्त दस्तुर बुझाउने स्थानः यस तामाकोशी गाउँपालिकाको नेपाल बैङ्क लिमिटेड, चरिकोट शाखा, दोलखामा रहेको आन्तरिक राजश्व खाता नम्बर १३००३०००००१००१०००००२ मा रकम जम्मा गरेको भौचर वा कार्यालयमा नगदै बुझाएको रसिद पेश गर्नुपर्नेछ ।

३. दरखास्त दिने स्थानः यस गाउँ कार्यपालिकाको कार्यालयमा वा ito.tamakoshimun@gmail.com मा सम्पूर्ण कागजात स्क्यान गरेर पनि पठाउन सकिने छ । दरखास्त फाराम तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय वा www.tamakoshimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

४. दरखास्त दिने अन्तिम मितिः-२०७७/०९/२६ गते सम्म ।

५. संलग्न गर्नुपर्ने कागजातहरुः क) निवेदन ख) वायोडाटा ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि घ) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ङ) कामको अनुभव खुलेको कागजातहरु

६. परीक्षाको किसिमः लिखित, प्रयोगात्मक वा अन्तर्वार्ता

७. परीक्षा कार्यक्रमः मिति पछि प्रकाशन गरिनेछ ।

८. सेवा सुविधाः निर्वाह भत्ता प्रति महिना रु १८५००। - ( नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानबाट उपलब्ध हुने )

निमेष मिश्र
प्रमुख प्रशासकीय अधिकृत